नोबल कोरोना भाइरस (कोभिड–१९) संक्रमण सँग सम्बन्धित सामाजिक संघ संस्थाहरुको परियोजना व्यवस्थापन सम्बन्धी

# कार्यविधि २०७७

समाज कल्याण परिषद

हरिहर भवन, पुल्चोक, ललितपुर

नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

पार्वत गुरुङ
मन्त्री

प्रस्तावना:

नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट विभागीय मन्त्रीहरुलाई कोभिड २०१९ को संक्रमण, रोकथाम, नियन्त्रण र उपचार अभियानमा लाग्न विशेष जिम्मेवारी प्रदान गरिएअनुसार माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीलाई सामाजिक संघ, संस्थाहरुको समन्वय र परिचालन गर्ने जिम्मवारी दिइएको छ । उक्त जिम्मेवारीलाई कार्यान्वयन गर्नको लागि "कोरोना भाइरस संक्रमणबाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुमा परेको र पर्न सक्ने असरहरुको बारेमा सुधार, सम्बोधन गर्न एवं सामाजिक संघ संस्थाहरु परिचालन गर्ने सम्बन्धी कार्ययोजना, २०७७" भैसकेको छ । सोही कार्ययोजनाको उद्देश्य अनुसार समाज कल्याण परिषदले सामाजिक संघ संस्थाहरुबाट परिषद्मा प्रस्ताव आएका नोवल कोरोना भाइरस "कोभिड–१९" सँग सम्बन्धित परियोजनाको स्वीकृति, सम्झौता तथा सहजीकरण गर्ने कार्यलाई छिटो-छरितो रुपमा गर्नको लागि सोही कार्ययोजनाको दफा ६ को अधिकार प्रयोग गरी निर्देशक समितिको निर्णयानुसार यो कार्यविधि जारी गरिएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) "नोवल कोरोना भाइरस (कोभिड–१९) संक्रमण सँग सम्बन्धित सामाजिक संघ संस्थाहरुको परियोजना व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि "कोरोना भाइरस संक्रमणबाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुमा परेको र पर्न सक्ने असरहरुको बारेमा सुधार, सम्बोधन गर्न एवं सामाजिक संघ संस्थाहरु परिचालन गर्ने सम्बन्धी कार्ययोजना, २०७७" अन्तर्गत गठित निर्देशक समितिद्वारा स्वीकृती भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा;

(क) **"कार्ययोजना"** भन्नाले "कोरोना भाइरस संक्रमणबाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुमा परेको र पर्न सक्ने असरहरुबारे सुधार, सम्बोधन गर्न एवं सामाजिक संघ संस्थाहरु परिचालन गर्ने सम्बन्धी कार्ययोजना, २०७७" लाई जनाउँछ ।

(ख) **"कार्यविधी"** भन्नाले "नोवल कोरोना भाइरस (कोभिड–१९) संक्रमणसँग सम्बन्धित सामाजिक संघ संस्थाहरुको परियोजना व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७" लाई जनाउँछ ।

(ग) **"निर्देशक समिति"** भन्नाले "कोरोना भाइरस संक्रमणबाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुमा परेको र पर्न सक्ने असरहरुको बारेमा सुधार,

सम्बोधन गर्न एवं सामाजिक संघ संस्थाहरु परिचालन गर्ने सम्बन्धी कार्ययोजना, २०७७" को दफा (४)बमोजिम गठित निर्देशक समितिलाई जनाउँछ ।

(घ) **"समिति"** भन्नाले ''नोभल कोरोना (कोभिड–१९) रोग रोकथाम तथा नियन्त्रणमा सामाजिक संस्था तथा नागरिक संगठनहरुको समन्वय तथा परिचालन सम्बन्धी कार्यविधि २०७७'' को दफा (४) बमोजिम गठित **समन्वय र परिचालन** समितिलाई जनाउँछ ।

(ङ) **"सामाजिक संघ संस्था"** भन्नाले समाज कल्याण परिषद्मा आबद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सामाजिक संघ संस्थालाई जनाउँछ ।

(च) **"परिषद्"** भन्नाले समाज कल्याण ऐन २०४९ अनुसार संस्थापित समाज कल्याण परिषद्लाई बुझाउँछ ।

(छ) **"अन्तराष्ट्रिय गैर सरकारी सस्था"** भन्नाले परिषदसँग साधारण तथा परियोजना सम्झौता गरी कार्यरत वा कानून बमोजिम साधारण तथा परियोजना सम्झौता गर्न आउने अन्तर्राष्ट्रिय गैर सरकारी संस्थालाई बुझाउँछ ।

(ज) ) **"राष्ट्रिय गैर सरकारी संघ सस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई समाज कल्याण परिषदमा आवद्ध सामाजिक संघ सस्थालाई जनाउँछ ।

(झ) **"साधारण संझौता"** भन्नाले कानून बमोजिम समाज कल्याण परिषद् र अन्तराष्ट्रिय गैर सरकारी सस्थाबीच भएको वा हुने साधारण सम्झौतालाई बुझाउँछ ।

(ञ) **"परियोजना सम्झौता"** भन्नाले कानून बमोजिम समाज कल्याण परिषद् र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबीच भएको वा हुने साधारण सम्झौता अनुसार प्राप्त परियोजना सम्झौतालाई बुझाउँछ ।

(ट) **"परियोजना"** भन्नाले कानून बमोजिम समाज कल्याण परिषदमा गैर सरकारी संघ सस्थाले पेशगरी स्वीकृति  भएको वा पेश हुने परियोजनालाई जनाउँछ ।

(ठ) **"कोभिड १९"** भन्नाले कोरोना भाइरसको छोटकरी नामलाई बुझाउँछ ।

३. **कार्यविधिको उद्देश्य :** (क) कोभिड १९ संक्रमणवाट नागरिकहरुमा परेको र पर्न सक्ने असरहरुको रोकथाम तथा नियन्त्रणमा नेपाल सरकारलाई सहयोग गर्न सामाजिक संघ संस्थाहरुको परिचालन तथा व्यवस्थापन गर्न प्राप्त परियोजना प्रस्ताव, परियोजना सम्झौता तथा साधारण सम्झौताहरु छिटोछरितो रुपमा स्वीकृति गर्ने गराउने,

पार्वत गुरुङ
मन्त्री

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरवार, काठमाडौं

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको श्रोत साधनलाई कोभिड-१९ संक्रमणबाट प्रभावित सङ्कटासन्न व्यक्ति, वर्ग तथा समुदायको संरक्षण एवं व्यवस्थापन गर्ने कार्यलाई एकद्वार प्रणालीबाट परिचालन गर्ने,

(ग) जोखिम न्यूनीकरण गर्ने, पूर्व तयारी, प्रतिकार्य तथा पुनर्लाभका लागि सरकारका तीनवटै तहमा समन्वय र सहकार्य गरी गैरसरकारी संघ संस्थाहरुलाई समन्वय तथा परिचालन गर्ने गराउने ।

(घ) नेपाल सरकारको कोभिड-१९ संक्रमणसँग सम्बन्धित प्राथमिकतामा परेका नीति तथा कार्यक्रमहरुलाई सहयोग गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरुलाई आवश्यकता अनुसारका कार्यक्रम तर्जुमा गर्न लगाई परिषद्बाट स्वीकृत भैसकेका तथा हुने परियोजना संशोधन, पुनरावलोकन, स्वीकृति, सहजिकरण र समन्वय गर्ने,

(ङ) कोभिड१९ सँग सम्बन्धित परियोजना प्रस्ताव, साधारण सम्झौता, परियोजना सम्झौता र परियोजना सम्झौता संशोधन सम्बन्धी निर्णय, स्वास्थ्य उपकरण तथा सामाग्रीको कानून बमोजिम भन्सार महशुल तथा मूल्य अभिबृद्धि करको छुट, सामाग्रीहरुको आयत इजाजत, प्रवेशाज्ञा तथा कार्य सहमति र श्रम स्वीकृति सम्वन्धी सिफारिसको प्रक्रियालाई सरल र छिटो छरितो गर्न व्यवस्था गर्ने ।

(च) नेपाल सरकार तथा निर्देशक समितिले तोकेको प्राथमिकता क्षेत्रमा कोभिड-१९ संक्रमणबाट परेको र पर्न सक्ने असरहरुको रोकथाम एवं नियन्त्रण गर्न सहयोग गर्ने परियोजना सम्झौता तथा साधारण सम्झौताको स्वीकृति गर्ने,

(छ) संघसंस्था, सरकारका विभिन्न निकाय, स्थानीय तह, प्रदेश सरकार तथा विभागीय मन्त्रालय लगायत सबैमा पत्रचार गर्दा अनलाइन प्रविधि, इमेल, फयाक्स, टेलिफोन लगायत सञ्चारका माध्यमद्वारा परियोजना सम्बन्धी कार्य गर्ने व्यवस्था मिलाउने ।

(ज) नेपाल सरकार तथा निर्देशक समितिले तोकेको अन्य कार्य गर्ने गराउने ।

४. **कोभिड–१९ सँग सम्बन्धित परिषद् कार्यलयको कार्यसञ्चालन विधि** : (१) कोभिड १९ संक्रमणबाट नागरिकहरुमा परेको र पर्न सक्ने असरहरुको रोकथाम तथा नियन्त्रणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सस्थाहरुको चालू स्वीकृत परियोजनाको कूल बजेटको २० प्रतिशत वा आवश्यकता अनुसारको रकम रकमान्तर गर्न निर्देशन दिने ।

(२) इमेलमार्फत संघ सस्थाका परियोजना सम्झौता संशोधन प्रस्ताव पेश गर्न लगाई एक हप्ता भित्र स्वीकृति दिने । आवश्यकता अनुसार इमेल, अनलाइन सेवा, फ्याक्स मार्फत नै संसोधन प्रस्ताव, स्वीकृति सम्बन्धी जानकारी गराउने ।

पार्वत गुरुङ्
मन्त्री

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

३) सामाजिक संघ संस्थाहरुको परियोजनाको संशोधन गर्दा यो कार्यविधी स्वीकृत भएको मितिले ६ महिना सम्मका लागि स्वीकृत गर्ने र कोभिड–१९ को संक्रमण लम्बिएको खण्डमा निर्देशक समतिकिो निर्णय अनुसार थप अवधिको लागि स्वीकृत गर्न सकिनेछ ।

४) सामाजिक संघ सस्थाहरुले स्वीकृत भइसकेको परियोजनामा रकमान्तर गर्दा कोभिड–१९ को प्राथमिकता क्षेत्रमा नेपाल सरकारको सम्बन्धित निकाय वा प्रदेश वा स्थानीय तहसँग समन्वय गरी रु दशलाख सम्मको स्वास्थ्य सामाग्री तथा राहत वितरण गर्दा तोके बमोजिमको ढाँचामा परिषद्लाई पूर्वसूचना दिई अनुमोदनका लागि पेश गर्न सक्नेछन् ।

५) परिषद् कार्यालयबाट सामाजिक संघ संस्थाहरुको स्वीकृत परियोजनाको प्रगति प्रतिवेदन परियोजनाको कार्य सम्पन्न भएको मितिले १५ दिनभित्र परिषद्ले तोके बमोजिमको ढाँचामा पेश गर्न लागाई अभिलेख राख्ने ।

६) परिषद् कार्यालयबाट सामाजिक संघ संस्थाहरुको स्वीकृत परियोजनाको विवरण अभिलेख राखी सम्बन्धित निकायमा पेश गर्ने ।

७) कोभिड १९ लाई आवश्यक पर्ने स्वास्थ्य सामाग्री र उपकरणहरु तथा सूचना र शिक्षा सम्बन्धी सामाग्रीको भन्सार महसुल तथा मूल्य अभिवृद्धिकर छुट र आयात इजाजत सम्बन्धी सिफारिस परिषद्ले अर्थ मन्त्रालय र वाणिज्य विभागमा इमेलमार्फत पेश गर्ने । सम्बन्धित मन्त्रालय/निकायले उक्त सिफारिस बमोजिम स्वीकृतिका लागि आवशयक व्यवस्था गर्नेछ । परिषदले सो को जानकारी महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई दिनु पर्नेछ ।

८) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले राहत वितरण गर्दा, सामाजिक लेखा परीक्षण गर्दा, आमसञ्चारका साधन तथा सामाजिक सञ्जालमा आफ्ना विषयवस्तुहरु प्रवाह गर्दा अनिवार्यरुपमा समाज कल्याण परिषद्को लोगो सहित आवश्यक जानकारीहरु उल्लेख गर्ने ।

**१०) परिषद् कार्यालयले कोभिड–१९ सँग सम्बन्धित अन्तर्राष्टिय गैरसरकारी संस्थाहरुको** नयाँ परियोजना सम्झौता वा कोभिड–१९ सँग सम्बन्धित केही क्रियाकलाप समावेश गरी आएका परियोजनाहरु परिषद्ले ३ कार्य दिनभित्र महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा पठाउने र सो मन्त्रालयबाट एक हप्ताभित्र सहमति उपलब्ध गराउनेछ ।

५) **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले राहत वितरण गर्दा**, सामाजिक लेखा परीक्षण गर्दा, आमसञ्चारका साधन तथा सामाजिक सञ्जालमा आफ्ना विषयवस्तुहरु

नेपाल सरकार महिला, बालबालिका तथा जेष्ठ नागरिक ... सिंहदरबार, काठमाडौं

पार्वत गुरुङ मन्त्री

प्रवाह गर्दा अनिवार्यरुपमा समाज कल्याण परिषद्को लोगो सहित आवश्यक जानकारीहरु उल्लेख गर्ने ।

**६) परिषदले संघसंस्थालाई आवश्यकता अनुसार निम्न कार्यमा सहजीकरण गर्नेछ :**

क) स्विकृत परियोजनाको कार्यान्वयन गर्दा राहतसँग सम्वन्धित भए सम्वन्धित स्थानीय तहसँग र स्वास्थ्यसँग सम्वन्धित कार्यक्रम भए संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गर्ने ।

ख) स्थानीय तहमार्फत खाद्यान्न सहयोग तथा नेपाल सरकारले निर्धारण गरेका मापदण्ड बमोजिम राहत वितरण गर्दा ।

ग) स्थानीय तह, प्रदेश सरकार तथा संघीय सरकारका निकायहरुलाई स्वास्थ्य सामाग्री वा अन्य वस्तु हस्तान्तरण गर्दा ।

घ) सूचना प्रवाह र अनुमति लिने कार्यमा देखिने दोहोरोपन हटाई एकरुपता कायम गर्न ।

ङ) कोभिड–१९ सँग सम्वन्धित परियोजना प्रस्ताव पेश भएपछि सामाजिक संघ संस्थाहरुलाई आवश्यकता र औचित्यता हेरी नेपाल सरकारको सम्बन्धित निकायले पास उपलब्ध गराउन परिषद् कार्यालयले सिफारिस गर्न ।

च) आवश्यकता अनुसार संघसंस्थाले कोभिड १९ संग सम्वन्धित परियोजनामा उल्लेखित अन्य सेवा प्रदान गर्दा ।

च) निर्देशक समिति वा समन्वय तथा परिचालन समितिले परिषदलाई तोकेबमोजिम गर्ने ।

७) **प्रतिवेदन पेश गर्ने** : कोभिड १९ कार्यहरुको नियमित प्रतिवेदन निर्देशक समिति समक्ष परिषद कार्यलयले पेश गर्नुपर्नेछ ।

८) **अनुगमन तथा मूल्यांकन** : कोभिड१९ सँग सम्वन्धित परियोजनाको अनुगमन तथा मूल्यांकन देहाय बमोजिम हुनेछ:

क. प्रगति प्रतिवेदन पेश गर्न लगाउने र सो को समीक्षा गर्ने ।

ख. आर्थिक विवरण पेश गर्ने र सो को समीक्षा गर्ने ।

ग. कोभिड१९ का लागि परिषद्ले उपलब्ध गराएको ढाँचामा प्रगति विणरण पेश गर्न लगाउने र आवश्यकता अनुसार सम्वन्धित निकायमा पेश गर्ने ।

घ. परिषद्ले प्राप्त विवरणहरु सही भए नभएको सम्वन्धमा सम्वन्धित स्थानीय तह, प्रदेश सरकार तथा संघीय मन्त्रालयमा समन्वय गर्न सक्नेछ ।

पार्वत गुरुङ
मन्त्री

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक
सिंहदरबार, काठमाडौं

ङ. कोभिड१९ को संक्रमणको कम भई स्थलगत अध्ययन गर्न जान सक्ने अवस्था सुनिश्चित भएमा प्रचलित कानून बमोजिम अनुगमन तथा मूल्यांकन हुनेछ ।

९) **संशोधन** : निर्देशक समितिले यस कार्यविधि वा यसको अनुसूचीमा आवश्यकता अनुसार कुनै व्यवस्था थपघट वा संशोधन गर्न सक्नेछ । यस कार्यविधिमा उल्लेखित कुनै कुराको व्याख्या गर्दा अष्पस्ट भएमा निर्देशक समितिले निर्णय गरे वमोजिम हुनेछ ।

१०) **खारेजी तथा बचाउ** : निर्देशक समिति नरहेको अवस्थामा यो कार्यविधि स्वत: खारेज हुनेछ । यस कार्यविधिमा भएका व्यवस्थाहरु यस कार्यविधि बमोजिम नै हुनेछ । यसमा नभएका व्यवस्थाहरु प्रचलित कानून बमौजिम हुनेछ ।

पार्वत गुरुङ
मन्त्री

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं